# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर अधिकारी 42nd SEACEN Board of Governors' (BOG) Meeting मा सहभागी




तस्वीर स्रोत: National Bank of Cambodia

गभर्नर महा प्रसाद अधिकारी २०७९ मंसिर १८ देखि २० गतेसम्म National Bank of Cambodia ले सिम रिपमा आयोजना गरेको SEACEN-IMF-STI High-Level Seminar तथा 58th SEACEN Governors' Conference र 42nd SEACEN Board of Governors' (BOG) Meeting कार्यक्रममा सहभागी भई मंसिर २२ गते स्वदेश फर्कनु भयो ।

उक्त High Level Seminar कार्यक्रममा युरोपियन केन्द्रीय बैंककी अध्यक्ष क्रिष्टिना लेगार्ड, अन्तर्राष्ट्रिय मुद्राकोषका अधिकारीहरू, सदस्य राष्ट्रका केन्द्रीय बैंकका गभर्नरहरूको सहभागिता रहेको थियो । उक्त सेमिनारमा कोरोना संक्रमणले विश्व अर्थतन्त्रमा पारेको प्रभाव, विश्वव्यापी आर्थिक मन्दीको संकेत, बढ्दो मुद्रास्फीति र वातावरणीय परिवर्तनले यस क्षेत्रको वित्तीय प्रणालीमा पारेको प्रतिकूल प्रभाव लगायतका नीतिगत चुनौतीहरूको बारेमा विज्ञहरूको प्रस्तुति सहित छलफल भयो । कार्यक्रममा अध्यक्ष लेगार्डले कोरोना संक्रमण, युक्रेन युद्ध, इन्धनको सीमित श्रोतलगायत पछिल्लो विकसित परिस्थितिबाट विश्वव्यापी रूपमा बढेको मुद्रास्फीति नियन्त्रण गर्नु सबै केन्द्रीय बैंकको लागि चुनौतीको विषय बनेको र केन्द्रीय बैंकहरूले वातावरणीय परिवर्तन, महामारी लगायतका क्षेत्रका विशेषज्ञहरूसँग समेत परामर्श गरी नीति तयार गर्नुपर्ने अवस्था देखिएको बताउनु भयो । उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्राकोषको तर्फबाट पनि विभिन्न



तस्वीर स्रोत: National Bank of Cambodia

समसामयिक विषयहरूमा प्रस्तुतीकरण र राउण्ड टेबल छलफल भएको थियो । सो छलफलमा गभर्नर अधिकारीले आफ्नो धारणा राख्दै वातावरणीय परिवर्तनले बैंकिङ क्षेत्रमा निम्त्याएको जोखिमलाई बैंकहरूको पुँजीकोष मार्फत् समेत सम्बोधन गर्न आवश्यक रहेको बताउनुभयो ।

उक्त कार्यक्रमपश्चात् आयोजना गरिएको 42nd SEACEN Board of Governors' (BOG) Meeting मा SEACEN का कार्यकारी निर्देशक मंगोल गोश्वामीले २०२२ मा भएका गतिविधि तथा चालु रणनीतिको कार्यान्वयन अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो ।

उक्त बैठकमा सन् २०२३ का लागि प्रस्तावित कार्यक्रम, बजेट, लेखापरीक्षकको नियुक्ती लगायतका विषयमा प्रस्ताव प्रस्तुत भयो । उक्त प्रस्तावहरूमाथि विस्तृत छलफल हुँदा गभर्नर अधिकारीले आफ्नो राय व्यक्त गर्नुभएको थियो । अन्य सदस्यहरूबाट समेत केही सुझाव प्राप्त भएपश्चात् प्रस्तावहरू अनुमोदन भएका थिए । उल्लिखित कार्यक्रमहरूको अध्यक्षता National Bank of Cambodia का गभर्नर Mr. Chea Chanto ले गर्नुभएको थियो ।

हाल एशिया प्यासफिक क्षेत्रका १९ वटा केन्द्रीय बैंकहरूको प्रतिनिधित्व रहेको SEACEN मा संस्थापक सदस्यको हैसियतले नेपालका तर्फबाट गभर्नर अधिकारीले सहभागिता जनाउनु भएको हो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंकबाट निर्देशक राजनविक्रम थापाको समेत सहभागिता रहेको थियो ।

२०७९ मंसिर २३
गभर्नरको कार्यालय ।